प्रदेश सरकार
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय गोरखा

गण्डकी प्रदेश,नेपाल

सुचनाको हक सम्वन्धी ऐन २०६४ को दफा (५) र सुचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम (३) बमोजिम सार्वजानिक गरिएको विवरण
२०७६

स्वतः प्रकाशन

(Proactive Disclours)

नेपालको संविधान धारा २७ मा रहेको नागरिकको सुचनाको हकको भावना बमोजिम सुचनाको हक सम्वन्धी २०६४ को दफा (५) र सुचनाको हक सम्वन्धी २०६५ को नियमावलीमो प्रत्येक सार्वजानिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी प्रक्रिया छ । यसका लागि ऐन तथा नियमावलीमा गरि २० वटा शिर्षक तोकिएका छन् । सोही अनुसार देहायका सुचना सुचिकृत गरि प्रकाशन गरिएको छ ।

डिभिजन वन कार्यालय गोरखाले आफ्ना नियमित विवरण प्रकाशित गर्ने शिलशिलामा आ.व. ०७७।०७८ श्राबण, भाद्र र असोज महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरिएको छ ।

मितिः २०७७।७।०६

## १. डिभिजन बन कार्यालयको स्वरुप र प्रकृति

डिभिजन बन कार्यालय गोरखा उद्योग, पर्यटन बन तथा वाताबरण मन्त्रालय,गण्डकी प्रदेश अन्तर्गतको ११ वटा डिभिजन वन कार्यालयहरु मध्यको एक हो ।नेपालको वन प्रसाशनको ६ दशकको अवधिमा नेपाल सरकारले लिइको नीति, कार्यक्रम र जनताको आवश्यकता र वाताबरणीय अवस्थालाई सम्वोधन गर्न समयानुकूल वनको सांगठनिक संरचना र वन व्यवस्थापन शैलिमा परिवर्तन हुँदै आएको छ ।

संघियता कार्यान्वयनको क्रमसँगै वन प्रशासनमा आएको साँगठनिक परिवर्तन स्वरुप डिभिजन वन कार्यालय संघिय सरकारको मातहतवाट प्रदेश सरकारको मातहतमा आएको छ ।

## १.१ डिभिजन वन कार्यालयको दूरदृष्टि, उद्देश्य तथा दीर्घकालिन रणनीतिक योजनाहरु

डि.व.काको दूरदृष्टि, उद्देश्य, मुख्यकार्य, तथा दीर्घकालीन रणनीतिक योजनाहरु यस प्रकार रहेका छन् ।

### १.१.१ दूरदृष्टि

डि.व.का.को मुख्य परिलक्ष्यतथा दूरदृष्टि सबै प्रकारकावन स्रोतको दिगो व्यवस्थापनबाट पारिस्थितिकीय सेवालाई सन्तुलित र व्यवस्थितगर्दै वन स्रोतको उत्पादकत्वमा वृद्धि ल्याई लाभको न्योयोचितवितरण मार्फत वन पैदावारको आवश्यकताको परिपूर्ति र वनजन्यउद्यमको प्रवर्द्धन गरी गरिबीन्यूनीकरणमा टेवा पुऱ्याउने हो ।

### १.१.२ उद्देश्यहरू

उपरोक्त परिलक्ष्य पूरा गर्नको लागिनिम्न उद्देश्यहरू लिइएको छ :

(क) वन स्रोतको संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्ने ।
(ख) जैविक विविधताको संरक्षण, पारिस्थितिकीय प्रणाली र वातावरणीय सेवाबीच सन्तुलनकायम राख्ने ।
(ग) वन क्षेत्रको आवधिक सर्वेक्षण तथा प्राप्त नतिजा हरूको वनव्यवस्थापनको लागिउपयोग गर्ने ।
(घ) वन पैदावारको दिगो र भरपर्दो आपूर्ति व्यवस्थापन गर्ने ।
(ङ) राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा योगदानगर्ने ।
(च) वन क्षेत्रको सुशासन कायम गर्ने ।

### १.१.३ डि.व.का.को दीर्घकालीन रणनीतिक योजनाहरु

- सबै प्रकारको वनमा दिगो वनव्यवस्थापन
- क्षमता अभिवृद्धि र सुशासनमा सुधार
- परिणाममुखी वन प्रसाशन
- प्रभावकारी अनुगमन
- प्रविधि र लगानीको स्तर वृद्धि

१.२ डि.व.का. गोरखाको वन क्षेत्र

यस जिल्लाको वन क्षेत्रको विवरण यस प्रकार रहेको छ ।

| सि.नं. | विवरण | वन क्षेत्र | | संख्या | घरधुरी संख्या | जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | हेक्टर | प्रतिशत | | | | |
| १ | सामुदायिक वन | ३०८१९.४९ | २३.३३ | ४९८ | ६२६८९ | ३५७६३४ | दोहोरो |
| २ | कबुलियती वन | ९८३.०४ | ०.७४ | २८३ | २३५९ | १४९९८ | |
| ३ | धार्मिक वन | ६१.०१ | ०.०५ | ५ | | | |
| ४ | मनास्लु संरक्षण क्षेत्र | ३८५०० | २९.१४ | | | | |
| ५ | सरकारद्धारा व्यवस्थित वन | ६१७५ | ६.९७ | ४६.७४ | | | |
| | जम्मा | १३२१२० | १०० | | | | |

डिभिजन वन कार्यालयमा दर्ता भएको निजी वन संख्या ५० र क्षेत्रफल ३१.१५ हे.




२. डि.व.का.को काम, कर्तव्य र अधिकार

(क) जिल्लाको वन क्षेत्रको संरक्षण, संवर्द्धन र सदुपयोग गर्न प्रबर्धनात्मक र नियमन सम्बन्धि विभिन्न कार्यक्रम कार्यान्वयन गर्ने ।

(ख) नागरिकलाई दैनिक उपभोगका लागि चाहिने वस्तु एंवम् सेवाको आपूर्ति व्यवस्थापन र उद्योगका लागि वनजन्य कच्चा पदार्थको व्यवस्थापन गर्ने ।

(ग) जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण र अनुकूलनका उपायहरूको अवलम्बन गर्ने ।

(घ) वन क्षेत्रसँग सम्बन्धित नीति, ऐन, नियम तथा मार्गदर्शनहरूको कार्यान्वयन मार्फत वन क्षेत्रको सुशासन कायम गर्ने ।

(ङ) वन क्षेत्रको आवधिक सर्वेक्षण तथा उत्पादन क्षमता आंकलन गर्ने ।

(च) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, वनतथा भू-संरक्षण विभाग तथा वन तथा वातावरण मन्त्रालयको निर्देशनमा रहेर काम गर्ने ।

३. डि.ब.का.मा रहने कर्मचारी संख्या र कार्य विवरण

जिल्ला वन कार्यालयवाट साँगठनिक संरचना डिभिजन वन कार्यालयमा परिवर्तन भए सँगै कार्यालयको कर्मचारीको दरवन्दीमा समेत फेरवदल आएको छ । डिभिजन वन कार्यालय अन्तर्गत फिल्ड स्तरमा  ६ वटा सव डिभिजन वन कार्यालयहरु रहेका छन । सम्पूर्ण जिल्लाको कर्मचारीको दरवन्दी तथा साँगठनिक संरचना निम्नानुसार रहेको छ ।

**प्रदेश सरकार**

**४ नं. प्रदेश**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**वन निर्देशनालय**

**डिभिजन वन कार्यालय, गोरखाको दरबन्दी तेरिज**

| क.स. | पद | श्रेणी | सेवा | समूह | मौजुदा दरबन्दी | थप | घट | कायम दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | रा.प.द्वि प्रा. | वन | जनरल फरेष्ट्री | ० | ० | ० | १ | |
| २ | सहायक वन अधिकृत | रा.प.तृ.प्रा. | वन | जनरल फरेष्ट्री | ० | ० | ० | ९ | |
| ३ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | |
| ४ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | ० | ० | ० | ० | |
| ५ | रेन्जर | रा.प.अनं.प्रथम प्रा | वन | जनरल फरेष्ट्री | ० | ० | ० | १ | |
| ६ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ० | ० | ० | १ | |
| ७ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ० | ० | ० | १ | |
| ८ | खरिदार | रा.प.अनं.द्वि | प्रशासन | सा.प्र. | ० | ० | ० | १ | |
| ९ | सहायक लेखापाल | रा.प.अनं.द्वि | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | |
| १० | टाइपिष्ट | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | |
| ११ | फरेष्टर | रा.प.अनं.द्वि | वन | जनरल फरेष्ट्री | ० | ० | ० | २ | |
| १२ | वन रक्षक | श्रेणी विहिन | वन | जनरल फरेष्ट्री | ० | ० | ० | २५ | |
| १३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ० | ० | ० | २ | |
| १४ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ० | ० | ० | १ | |
| १५ | सुबेदार | रा.प.अनं.द्वि | विविध | | ० | ० | ० | ० | |
| १६ | जमदार | रा.प.अनं.द्वि | विविध | | ० | ० | ० | ० | |
| १७ | हवल्दार | रा.प.अनं.तृ. | विविध | | ० | ० | ० | १ | |
| १८ | सशस्त्र वन रक्षक | श्रेणी विहिन | विविध | | ० | ० | ० | ४ | |
| १९ | चौकिदार | श्रेणी विहिन | | | ० | ० | ० | १ | |
| | गोरखा जम्मा | | | | ० | ० | ० | ५० | |

नेपाल सरकार

सिंहदरबार, काठमाडौं

अनुसूची-४.४.२.१

प्रदेश सरकार
४ नं. प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, गोरखाको संगठन संरचना




नोटः डिभिजन वन कार्यालय अन्तर्गत परिचालन हुने माथि संरचनामा देखाईएको सशस्त्र वन रक्षकहरु स्वीकृत वन तथा भू संरक्षण विभागको संघीय कार्यालय अन्तर्गत रहने छन् .

8

## ४. डिभिजन वन कार्यालयवाट प्रदान गरिने सेवाहरु

यस कार्यालयले डि.व.का. वाट तथा सव डिभिजन वन कार्यालयवाट निम्नानुसारका सेवाहरु प्रदान गर्ने गर्दछ ।

क)वन पैदावारको संरक्षण सम्वर्धन तथाविकास र सदुपयोग सम्वन्धीकार्य
ख) वन संरक्षण /व्यवस्थापन/सदुपयोग तथा वृक्षारोपण सम्वन्धीकार्यक्रमको तर्जुमा
ग) वन पैदावारको विक्रीवितरण सम्वन्धी निती नियम तर्जुमा
घ) वन विकास अन्तरगत संचालन हुने कार्यक्रमहरुको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन
ङ)वन संरक्षण तथा विकास वारे जन चेतना अभिवृद्धि गर्न प्रचार प्रसार गर्ने
च) निजी वन विकासको लागि सुचना प्रवाह गरि प्रविधि उपलव्ध गराउने
छ) कृषि वन वाली विकास तथा विस्तार गर्न प्रचार प्रसार गरि सर्वसाधारण जनतामा उत्प्रेरणा जगाउने

ज) कवुलीयती वन सम्वन्धी कार्य, गरिवीको रेखामुनीका लागि कवुलियती वन कार्यक्रम
झ) वातावरणीय प्रभाव मूल्याकंन सम्वन्धी कामकारवाही
ञ) वन पैदावारको हानीनोक्सानी तथा अतिक्रमण सम्वन्धी कारवाही
ट) सामुदायिक वन सम्वन्धी नीतिनियम वारे जानकारी गराउने तथा उपभोक्ता, संघ संस्थासंग समन्वय गर्ने




५. डि.ब.का बाट संचालन भएका कार्यकमहरु:

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | उद्योग, पर्यटन, वन तथा वातावरण | प्रदेश सरकारवाट प्राप्त कार्यक्रम |
| २ | वन्यजन्तु संरक्षण | संघिय सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम |
| ३ | जडिबुटि विकास | संघिय सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम |
| ४ | सामुदायिक तथा कबुलियती वन विकास | संघिय सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम |
| ५ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन | संघिय सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम |
| ६ | वृक्ष सुधार वृक्षारोपण निजी वन विकास | संघिय सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम |
| ७ | नेपाल स्वच्छ वातावरण अभियान | संघिय सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम |

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क.स. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | योजना तथा व्यवस्थापन शाखा | महेश पौडेल | सहायक वन अधिकृत | |
| २ | कर्मचारी प्रशासन | धुब प्रसाद पौडेल | अधिकृतस्तर छैटौं | |
| ३ | आर्थिक प्रशासन | अमृत श्रेष्ठ | अधिकृतस्तर छैटा | |

| | | | | |
|---|---|---|---|---|
| ४ | सशस्त्र वन सुरक्षा | झपिन्द्र रानामगर | स.ब.र. | |
| ५ | सव डिभिजन वन कार्यालय, पालुङटार | रण वहादुर वि.क. | सहायक वन अधिकृत | |
| ६ | सव डिभिजन वन कार्यालय, गोरखकाली | लिलाराज खकुराल | सहायक वन अधिकृत | |
| ७ | सव डिभिजन वन कार्यालय, घ्याम्पेसाल | मन मोहन मिश्र | सहायक वन अधिकृत | |
| ८ | सव डिभिजन वन कार्यालय, गण्डकी | इन्द्र प्रसाद पौडेल | सहायक वन अधिकृत | |
| ९ | सव डिभिजन वन कार्यालय, वारपाक | अर्जुन बहादुर अच्छामी | सहायक वन अधिकृत | |
| १० | सव डिभिजन वन कार्यालय, माछीखोला | बद्रिनाथ देबकोटा | रेन्जर | |

५.१ विभिन्न शाखाका कार्यहरु

५.१.१ योजना तथा व्यवस्थापन

- विनियोजित कार्यक्रमहरुको सञ्चालन गर्ने
- जिल्ला स्थित विभिन्न कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्ने
- सञ्चालित कार्यक्रमहरुको सुचना प्रवाह गर्ने
- कार्यक्रमको प्रगतिको रिपोर्टीङ्ग गर्ने
- डकुमेन्टेसन गर्ने

५.१.२ कर्मचारी प्रशासन शाखा

- कर्मचारीहरुको विवरण दुरुस्त राख्ने
- आवश्यकता अनुसार कर्मचारीहरुको खटनपटन गर्ने

५.१.३ आर्थिक प्रशासन शाखा

- कार्यक्रम सञ्चालनार्थ विभिन्न कार्यक्रमहरुको खर्च दुरुस्त राख्ने
- आवश्यक समन्वय तथा सहकार्य गर्ने

५.१.४ सशस्त्र वन सुरक्षा शाखा

- वन संरक्षणको लागि गस्ति परिचालन गर्ने
- वन हानी नोक्सानी हुनवाट बचाउन आवश्यक कार्यहरु गर्ने

५.१.५ सव डिभिजन वन कार्यालयहरु

- स्थानीय समुदायहरुलाई वन विकासका कार्यक्रमहरु सञ्चालन गर्न प्राविधिक सहयोग गर्ने
- वन संरक्षणको लागि आवश्यक कार्यहरु गर्ने
- डि.व.का. वाट सञ्चालन हुन कार्यक्रमहरुको कार्यान्वयन तथा अनुगमन गर्ने

६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

डि.व.का.बाट प्रदान गरिने सेवामा दस्तुर लाग्दैन । सेवा लिदा निवेदनमा रु १० को टिकट टाँस गर्नुपर्ने क्रियाकलापहरु नागरिक बडा पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

निवेदन डिभिजनल वन अधिकृत समक्ष दिनुपर्ने, उजुरी उपर टिप्पणी मार्फत निर्णय गरिने र सो को निर्णय गर्ने अधिकारी डिभिजनल वन अधिकृत ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

डि.व.का. ले गरेका निर्णय उपर उजुरी सुन्ने अधिकारी वन निर्देशनालय गण्डकी प्रदेशका प्रदेश निर्देशिक ।

९. सम्पादन गरेको कामको विवरण

- मौजुदा वनको संरक्षण
- वन व्यवस्थापन गरि वनको हैसियतमा सुधार, उत्पादन, उत्पादकत्वमा बृद्धि
- काठ दाउरा उत्पादन
- वन क्षेत्रविस्तार तथापुनस्थापना
- धार्मिक वन प्रवर्धन
- सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन
- पंचवर्षिय वनव यवस्थापन योजना तयारी
- सामुदायिक वनको वैज्ञानिक व्यवस्थापन, वन अतिक्रमण हटाई व्यवस्थापन
- कवुलियतीवन समूहको विधान कार्ययोजना तथा जिविकोपार्जन सुधार योजना तयारी तथा पुनरावलोकन
- क्षमता अभिवृद्धि तालीम
- वन डढेलो नियन्त्रण तथा सुख्खा वन क्षेत्रमा पोखरी निर्माण
- सरकारद्धारा व्यवस्थित वनको कार्ययोजना कार्यान्वयन
- सामुदायिक वनको कार्ययोजना तयारी हस्तान्तरण तथा पुनरावलोकन
- मुद्धा फर्छयौट, बेरुजु फरछयौट
- वहुउद्देशीय प्रजातीका विरुवा उत्पादन तथा वहुवर्षिय विरुवा उत्पादन
- कृषि वन प्रवर्धन कार्यक्रम
- सामुदायिक वनमा पर्यापर्यटन विकास कार्यक्रम
- जडिबुटि खेति विस्तार तथा भण्डारण कार्यक्रम
- वन्यजन्तु उद्धार तथासंरक्षण कार्यक्रम

९.१ उपलब्धीहरु

| सि.नं. | विवरण | वन क्षेत्र | | संख्या | घरधुरी संख्या | जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | हेक्टर | प्रतिशत | | | | |
| १ | सामुदायिक वन | ३०८१९.४९ | २३.३३ | ५०१ | ६२६८९ | ३५७६३४ | दोहोरो |
| २ | कबुलियती वन | ९८३.०४ | ०.७४ | २८३ | २३५९ | १४९९८ | |
| ३ | धार्मिक वन | ६१.०१ | ०.०५ | ५ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | मनास्लु संरक्षण क्षेत्र | ३८५०० | २९.१४ | | | | |
| ५ | सरकारद्धारा व्यवस्थित वन | ६१७५ | ६.९७ | ४६.७४ | | | |
| | जम्मा | १३२१२० | १०० | | | | |

१०. सुचना अधिकारी र प्रमुखको नाम र पद
कार्यालय प्रमुखः तोयनाथ पौड्याल
पदः डिभिजनल वन अधिकृत
सुचना अधिकारी : महेश पौडेल
पद : सहायक वन अधिकृत (रा.प.तृतिय प्रा.)

११. ऐन, नियम, नियमावली वा निर्देशिकाको सूची
**(Policy, Act, Rules, Regulations and Guidelines related to the DoF)**
१. वन ऐन, २०४९
२. वातावरण संरक्षण ऐन, २०५३
३. निजीवन राष्ट्रियकरण ऐन, २०१३
४. वननियमावली, २०५१
५. वतावरण संरक्षण नियमावली, २०५४
६. राष्ट्रिय संरक्षण रणनीति, २०४५ (National Conservation Strategy 1988)
७. वननीति,२०७१
८. संशोधितवन क्षेत्र निति, २०५७
९. कबुलियतिवननीति, २०६०
१०. राष्ट्रिय सिमसार नीति, २०५९
११. राष्टिय सिमसार नीति, २०६१
१२. राष्ट्रिय जैविकविविधता रणनीति, २००२
१३.अनुगमन तथामूल्यांकन अवधारणा तथा रणनीति, २०६०
१४.वन अतिक्रमण नियन्त्रण तथाब्यवस्थापन रणनीति,२०६८
१५.आगलागि नियन्त्रण रणनीति
१६.वन क्षेत्रको गुरु योजना, २०४६

कार्यविधि तथा निर्देशिका
१. वन क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन मार्गदर्शन, २०६०
२. ब्यवसायीक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने निर्देशिका २०६८
३. सामुदायिक वनको निर्देशिका २०५२
४. सामुदायिक वन मार्गदर्शन, २०६५
५. सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३
६. ब्यवसायीक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि, २०६८
७. वन सर्वेक्षण निर्देशिका २०५७
८. वैज्ञानिक वन व्यवस्थापन निर्देशिका२०७१
९. गैर सरकारी सेवा प्रदायक निर्देशिका, २०६१
१०. गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन २०६९
११. सामुदायिक वनको काठ र दाउरा सङ्कलन तथा बिक्रिवितरण निर्देशिका,२०७१
१२. वन पैदावार सकलनतथाविक्रीवितरण निर्देशिका, २०७३
१३. जिल्लावन पैदावार आपूर्ति समितिको कार्यविधि (पहिलो संसोधन) निर्देशिका २०७३
१४. बन्यजन्तुको आखेटोपहार ब्यबस्थापन सम्बन्धिकार्यविधि, २०७२
१५. भूकम्प पिडितहरुको लागि काठ उत्पादन, आपूर्ति र ब्यस्थापननिर्देशिका,२०७२

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक विवरण

असोज महिनासम्म कर्मचारीको तलब बाहेक कार्यक्रम शिर्षकमा कुनैपनी रकम खर्च नभएको।

१३. डिभिजन वन कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समायावधि

सुचनाको वर्गीकरण नभएको

१४. डिभिजन वन कार्यालयमा परेका सुचना माग सम्बन्धि निवेदन र सो उपर सुचना दिएको विवरण

श्राबण देखि असोजसम्म निवेदन नपरेको । श्राबण महिनाभन्दा अगाडि सूचना माग भएबमोजिमको सुचनादिइएको ।

१५. डिभिजन वन कार्यालयका सुचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

१. वार्षिक अनुगमन तथा मुल्यांकन पुस्तिका,
२. सामुदायिक तथा कबुलियती वन अनुगमन तथा मुल्यांकन पुस्तिका